# सौर्य दैनिक

www.souryonline.com

वर्ष ११ | अंक ४१ | शुक्रबार, १८ चैत २०७८ | SOURYA NATIONAL DAILY | Friday, 1 April 2022 | पृष्ठ : ८ | मूल्य रू. ५







सत्तागठबन्धन दलको बैठक

# अन्य दलसँग चुनावी तालमेल नगर्ने



■ सौर्य समाचार

काठमाडौं । सत्तारुढ गठबन्धन दलको बिहीबार बसेको बैठकले स्थानीय तहको आगामी निर्वाचनमा सहकार्य गरेर अगाडि बढने सहमति गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले निर्वाचनमा सहकार्यका लागि प्रभावकारी संयन्त्र निर्माण गर्ने निर्णय पनि गरेको छ ।

'स्थानीय तह निर्वाचनको तालमेलका लागि सहजीकरण र निर्णय लिनका लागि केन्द्रीय स्तरमै प्रभावकारी संयन्त्र बनाउने निर्णय गरेको छ', बैठकमा उपस्थित एक नेताले भने । बैठकले आगामी स्थानीय तह निर्वाचनमा सत्तारुढ गठबन्धनवाहेक अन्य दलसँग तालमेल नगर्ने सहमति पनि गरेको छ । बैठकले आगामी निर्वाचनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादीले आवश्यक्ता अनुशार तालमेल गरेर अगाडि बढने विषयमा सैद्धान्तिक सहमति गरेका हुन् ।

**“ केन्द्रीय स्तरमा बन्ने संयन्त्रमा रहने पदाधिकारीहरुको विषयमा भने बैठकले कुनै निर्णय गरेको छैन । सम्वन्धित दलहरुले नाम दिएपछि मात्र यस विषयमा टुंगो लाग्ने बताइएको छ । बैठकले चुनावी तालमेलका लागि केन्द्रमा मात्र नभई स्थानीय तहसम्मै संयन्त्र बनाउने निर्णय पनि गरेको छ**

यसअघि सत्तारुढ गठबन्धन दलले आआफ्नो दलको बैठक राखेर चुनावी तालमेलको पक्षमा निर्णय गरेका थिए । केन्द्रीय स्तरमा बन्ने संयन्त्रमा रहने पदाधिकारीहरुको विषयमा भने बैठकले कुनै निर्णय गरेको छैन । सम्वन्धित दलहरुले नाम दिएपछि मात्र यस विषयमा टुंगो लाग्ने बताइएको छ ।

उक्त संयन्त्रले नै महानगरपालिकाको उम्मेदवारको विषयमा पनि टुंगो लगाउने

बाँकी पृष्ठ २

■ एआईजीमा बढुवा प्रकरण

# दर्ज्यानीचिन्ह र रिट सँगसँगै

■ सुवास गोतामे

काठमाडौं । सरकारले बिहीबार तीन जना प्रहरी नायब महानिरीक्षक (डीआईजी) लाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) मा बढुवा गरेको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट दायर भएको छ । बढुवामा असन्तुष्ट डीआईजीहरु क्रमशः ईश्वरबाबु कार्की, घनश्याम अर्याल र प्रकाशजंग कार्कीले सरकारको निर्णयलगत्तै सर्वोच्च पुगेर रिट दर्ता गराएका हुन् ।

यसअघि सरकारले डीआईजीहरु क्रमशः वसन्त पन्त, धिरजप्रताप सिंह र रविन्द्रबहादुर धानुकलाई एआईजीमा बढुवा सिफारिस गरेपछि अर्याल र कार्कीद्वयले लोक सेवा आयोगको पुनरावलोकन समितिमा उजुरी पनि दिएका थिए ।

समितिले बुधबारमात्रै बढुवा सिफारिसलाई नियमसंगत भएको राय सरकारलाई दिएको थियो । अर्याल र कार्की प्रहरी महानिरीक्षक (आईजीपी) शैलेश थापाक्षेत्रीका ब्याजी हुन् । पुनरावलोकन समितिले निर्णय दिएपछि सरकारले बिहीबार नै मन्त्रिपरिषद्को निर्णयबाट बढुवालाई बैधानिकता दिएको थियो । सरकारले बढुवा गरेपछि प्रहरी मुख्यालयमा पन्त, सिंह र धानुकले दर्ज्यानीचिन्ह (एआईजीको फूली) पनि लगाइसकेका छन् । उनीहरुलाई आईजीपी क्षेत्री र एआईजी विश्वराज पोखरेलले दर्ज्यानीचिन्ह लगाइदिएका हुन् ।

**“ बाढुवामा असन्तुष्ट डीआईजीहरु क्रमशः ईश्वरबाबु कार्की, घनश्याम अर्याल र प्रकाशजंग कार्कीले सरकारको निर्णयलगत्तै सर्वोच्च पुगेर रिट दर्ता गराएका हुन्**

'बढुवा सिफारिस गर्दा नै सरकारले गल्ती गर्‍यो । कि त पुरानो ब्याजी एउटैलाई छुन हुने थिएन । सबै नयाँ गरेको भए, हामीलाई पनि चित्त बुझ्थ्यो,' रिट दायर गर्नेमध्येका एक डीआईजीले भने, ' दलहरुले प्रहरीलाई खेलौना बनाउने कार्य रोकिनु पर्छ भनेर रिट दायर गरेका हौं ।' चैत २० गते सर्वोच्चले पेशी तोकेको छ ।

रिट हाल्नेमध्येका डीआईजी ईश्वरबाबु कार्कीले त सामाजिक सञ्जाल ट्वीटरमा ट्वीट गरेरै आफ्नो असहमति जनाएका छन् । उनले लेखेका छन्, '२९+ बर्षको

बाँकी पृष्ठ २






## क्षणिक स्वार्थले प्रहरीलाई कमजोर बनाउँछ



**राजेन्द्रसिंह भण्डारी (पूर्वएआईजी)**

राजनीतिक दलको क्षणिक स्वार्थले प्रहरीलाई कमजोर बनाउँछ । सरकारले विधि, प्रक्रिया र पद्धतिलाई कुनामा थन्क्याएर मनोमानी ढंगले प्रहरीलाई नियन्त्रण गर्न खोजेमा प्रहरी संगठन दिसाहीन हुनपुग्छ ।

स्वार्थ समुहले प्रहरी संगठनको संरचना र प्रणालीलाई जरैदेखि ध्वस्तपार्ने काम विगतदेखि नै भइआएको छ । चेन अफ कमाण्डमा चल्ने संगठनको वृत्तिविकास नियमसंगत हुनु जरुरी छ । राम्रालाई भन्दा हाम्रालाई बढुवा गर्दा शान्ति सुरक्षामा प्रत्यक्ष खटिने सुरक्षाकर्मीको मनोबलमा असरपर्छ ।

दरवन्दीको आवश्यक्ताको पहिचान नै नभई अघिल्लो सरकारले थप्यो र हामी पनि थप्छौं भनेर होडबाजीमा दरवन्दी थपिंदै जाने र आवश्यक्ता नदेखेपछि हटाउने प्रवृत्ति राम्रो होइन । अवैज्ञानिक र अस्वस्थ होडले संगठनको पिरामीड संरचनालाई ध्वस्त

बाँकी पृष्ठ २

# सार्वजनिक यातायातको भाडा बढ्यो



■ सौर्य समाचार

काठमाडौं । सरकारले सार्वजनिक सवारी साधनको भाडादर वृद्धि गरेको छ । पेट्रोलियम पदार्थको बढ्दै गएको मूल्यको आधारमा यातायात व्यवसायीको दबाबमा सरकारले सार्वजनिक यातायातको भाडा दर बृद्धि गरेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मन्त्रीस्तरीय निर्णयमार्फत प्रदेशस्तरमा सञ्चालन हुने सार्वजनिक सवारी साधनमा भाडा बढाउन स्वीकृत प्रदान गरेको हो । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादबले भाडा बृद्धि गर्ने र पेट्रोलियम पदार्थको आधारमा स्वचालित भाडा दर समायोजन गर्ने निर्णय गरेकी हुन् ।

हाल कायम भएको दरमा १० देखि १४ प्रतिशतसम्म भाडा वृद्धि गरिएको यातायात व्यवस्था विभागले जनाएको छ । यात्रुवाहक तथा मालवाहकसहित पहाडी र तराई क्षेत्रको भूगोलअनुसार यो परिमाणमा भाडा बृद्धि गरिएको हो ।

संघका साथै एक प्रदेशबाट अर्को प्रदेशका लागि चल्ने मालबाहक तथा यात्रुबाहक सवारी साधनको भाडा बढेको विभागका महानिर्देशक नमराज घिमिरेले जानकारी दिए । आइतबार रुट अनुसार बढेको भाडाको सूची सार्वजनिक भएपछि नयाँ भाडादर लागू हुने उनले जानकारी दिए । स्थानीयस्तरमा चल्ने सवारी साधनको भाडा भने नबढ्ने विभागले जनाएको छ । साथै अब

बाँकी पृष्ठ २

# 'पैसाले होइन निष्ठाले चुनाव जित्नुपर्छ'

■ सौर्य समाचार

काठमाडौं । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनैतिक दल र उम्मेदबारहरुलाई पैसाले नभई निष्ठाले चुनाव जित्न सुझाव दिएका छन् । स्थानीय तह निर्वाचनका लागि उम्मेदबारलाई आयोगले तोकिदिएको खर्चको सिमा असान्दर्भिक रहेको भन्दै त्यसको विरोध हुन थालेको सन्दर्भमा प्रमुख निर्वाचन आयुक्त थपलियाले यस्तो सुझाव दिएका हुन् ।

चुनावमा प्रतिस्पर्धा गर्ने सबै राजनीतिक दलले लोकतन्त्रको रक्षा र शासकीय शुद्धताका लागि निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी बनाउन प्रतिबद्धता जाहेर गर्न पर्ने उनले बताएका छन् ।

'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बिहीबार उनले निर्वाचन आचारसंहिता उल्लंघन भएमा जुनसुकै बेला पनि अप्ठेरोमा पर्न सक्नेतर्फ समयमै हेक्का राख्न सबै



राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिए ।

उनले भने, 'सम्पूर्ण सरोकारवालाको सहभागितामा मिहिनेतका साथ निर्वाचन आचारसंहिता बनाइएको छ । यसको पूर्ण पालना हुनुपर्छ भन्नेमा आयोग दृढ छ । खर्च

बाँकी पृष्ठ २




## क्षणिक...

बनाइरहेको छ । नेताले आफुखुसी संगठन चलाउने र स्वार्थसिद्धका लागि नेताको ढोकाढोका चहार्ने प्रहरी अधिकृतबीचको सम्झौताले संगठनको वृत्तिविकासमा कदापि फाइदा पुऱ्याउँदैन । प्रहरी संगठनलाई दलीय प्रभाव र गुटगत अभ्यासबाट मुक्त नगराएसम्म मुलुकमा सुशासन र कानुनी राज्य स्थापना हुनसक्दैन ।

## दर्ज्यानीचिन्ह...

बर्षको सेवापछि स्वतः प्राप्त गर्नुपर्ने प्रतिफलबाट विमुख म जस्तासँग भविष्यमा आउनसक्ने 'अवसर' को बारेमा विमर्श गर्दैगर्दा त एकछिनका लागि निकै ठुलै मानिस पो भइएछ कि भनेर भ्रममा रमाइयो पनि । अर्कोतिर 'खै कुन्नि के के लगाएर' ठेगान लगाइदिनेसम्मको कुरा आए ।' उनले बढुवाको बिषयवस्तु न्यायालय प्रवेश गरेकाले यसको निर्क्योल नभएसम्म अब उप्रान्त यस विषयमा सार्वजनिक टिप्पणी नगर्ने पनि उल्लेख गरेका छन् ।

**दरवन्दी थप र स्थापित नजिर**

सरकारले चाहेको बेला आफुखुसी दरवन्दी थप्ने र घटाउने खेल यो मात्रै होइन । यसअघि प्रधानमन्त्री हुँदा पनि शेरबहादुर देउवाले प्रहरीमा १५ जना एआईजीको दरवन्दी थपेका थिए । पछि आवश्यक्ता नरहेको भन्दै थपिएका एआईजीलाई फाजिलमा राखिएको थियो ।

तात्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यकालमा प्रहरीमा पाँच जना एआईजीमात्रै राख्ने निर्णय गराए, गृह मन्त्रालयमार्फत । तत्कालीन समयमा तीन जना एआईजी थिए, हरिबहादुर पाल, प्रद्युम्न कार्की र निरज शाही । ओलीले चलाखी ढंगबाट दुई जना क्रमशः विश्वराज पोखरेल र सहकुलबहादुर थापालाई एआईजीको फूली लगाइदिए । त्यसको सर्वत्र विरोध भयो । प्रहरी संगठनभित्रै सरकारको आलोचना भएपनि कसैले कतै उजुरबाजुर गरेनन् ।

आईजीपी क्षेत्रीले पनि सरकारको निर्णयमा लालमोहर लगाइदिए । सरकारको निर्णयमा क्षेत्रीको के नै लाग्थ्यो र । असहमति जनाउँदा पद नै धरापमा पर्ने देखेपछि क्षेत्रीले कुनै प्रतिक्रिया जनाएनन् । ओलीपछि देउवाले सरकारको नेतृत्व समाले ।

फेरि उनले तीन वटा पद थपेर पन्त, सिंह र धानुकलाई एआईजी बनाए । ओली सरकारको पालामा बनाएका एआईजीले प्रहरी नेतृत्व लिने भएपछि आगामी चुनावमा असरपर्ने भन्दै नेपाली कांग्रेसकै नेता तथा कार्यकर्ता र निकट व्यापारीले प्रधानमन्त्री देउवालाई सुझाएका थिए ।

देउवाले चाहेको भए यो निर्णय रोक्न सक्थे । तर, उनले त्यसो गरेनन् । चुनावमा आफुखुसी प्रहरी नेतृत्व बनाउने दाउमा लागे, प्रधानमन्त्री देउवा पनि । पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो प्रधानमन्त्रीकालमा देउवाकै दबाबमा कनिष्ठ डीआईजी जयबहादुर चन्दलाई आईजीपी बनाउने निर्णय गरेका थिए ।

केही घण्टा पनि नबित्दै अर्का प्रत्यासी डीआईजी नवराज सिलवाल सर्वोच्च पुगे । किर्ते कार्यसम्पादन मुल्यांकन बुझाएको भन्दै सिलवालमाथि छानविन भयो । अदालतमा लामो बहसपछि कार्यसम्मपादन मुल्यांकनकै आधारमा डीआईजी प्रकाश अर्याललाई आईजीपी बनाइयो । सिलवाल एमालेको टिकट पाएर ललितपुरको सांसद बने । चन्द पनि कांग्रेसकै कोटामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त बने । अर्याल अहिले गुमनाम छन् ।

बढुवामा चित्त नबुझेर सिलवाल अघि अन्य बरिष्ठ प्रहरी अधिकृतहरु पनि सर्वोच्च गएको देखिन्छ । एआईजीको पद खाली हुँदाहुँदै बढुवा नगरेको भन्दै डीआईजी यादव अधिकारी सर्वोच्च पुगेका थिए, २०७१ साल साउनमा ।

तत्कालीन समयमा गृहमन्त्री बामदेव गौतम थिए । उनले नौ जना डीआईजीलाई एआईजीमा बढुवा गरेका थिए । खनालअघि डीआईजी पर्शुराम खत्री पनि पुनरावेदन अदालत पाटमा पुगेका थिए । खत्रीले दायर गरेको रिटमा पाटनले बढुवा सिफारिस कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । पछि सिफारिस सूची बदलिको थियो । त्यसो त उपेन्द्रकान्त अर्याललाई सरकारले आईजीपीमा नियुक्त गरेपछि उनकै ब्याजी डीआईजी पार्वती थापा पनि सर्वोच्च पुगेकी थिइन् । तर, फैसला भने उनले अवकाश पाएपछि मात्रै आयो ।

## पैसाले...

निर्वाचन जित्छु भन्ने मनसाय राख्ने दल र उम्मेदवारले लोकतन्त्रको दुहाइ दिन मिल्दैन । पैसाले होइन, सिद्धान्त र निष्ठाले चुनाव जित्न सक्नुपर्छ ।'

कार्यक्रममा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचन भनेको राजनीतिको कर्मकाण्डी प्रक्रिया नभई विकास, सहभागिता र सुशासन प्रत्याभूतिको प्रक्रिया भएकाले आचारसंहिता पालनाको संस्कृतिलाई अभिन्न अंग बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'निर्वाचन भनेको समानता र सभ्यताको प्रणाली हो भने आचारसंहिता स्वावलम्बन र स्वराजको प्रक्रिया हो । प्रजातन्त्र चाहिँ सांस्कृतिक अभ्यास हो । आचारसंहिता पालनाको मुख्य जिम्मेवारी राजनीतिक दल र उम्मेदवारको हो ।'

नेपाल कानुन समाजका अध्यक्ष एवं पूर्वमुख्यसचिव तीर्थमान शाक्यले १८ वर्ष उमेर नपुगेकाले मतदान गर्न पाउँदैनन्, उमेर पुगेका धेरै रोजगारीका लागि विदेशिएको अवस्था रहेको तथा ज्येष्ठ नागरिक मतदान गर्न जान नसक्ने हुँदा निर्वाचनमा धेरै पैसा केका लागि खर्च गर्नुपर्छ भनी प्रश्न गरे । निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलले स्वच्छ, स्वतन्त्र र विश्वासनीय निर्वाचन गराउने संवैधानिक दायित्वअनुरुप आयोगले निर्वाचनको तयारीलाई तीव्र र सघनरूपमा अघि बढाइरहेको जानकारी दिए ।

## सार्वजनिक...

पेट्रोलियम पदार्थको मूल्य पाँच प्रतिशतभन्दा धेरैले घट/बढ भएमा सो अनुसार स्वचालित प्रणालीबाट मूल्य समायोजन गर्ने निर्णय पनि भएको छ ।

गत असारयता डिजेलको मूल्य ३४ प्रतिशत बढेको आधारमा हाल नयाँ भाडादर तय भएको विभागले जनाएको छ । विभागका अनुसार चैत २० गतेदेखि लागु हुने गरि पेट्रोलियम पदार्थको मूल्य घट्दा भाडा घट्ने र बढ्दा भाडा पनि बढ्ने गरी स्वचालित भाडा प्रणाली कार्यान्वयनमा ल्याउने निर्णय भएको छ ।

घिमिरेका अनुसार विभागले स्वचालित भाडा प्रणाली लागू गर्न १३ वटा सूचकलाई आधार बनाएको छ । ती सूचकमध्ये पेट्रोलियम पदार्थको मूल्य हिस्सा ३५ प्रतिशत रहन्छ । यसअघि यातायात व्यवस्था विभागले नै स्वचालित प्रणाली अनुसार सार्वजनिक यातायातको भाडा बढाउन मन्त्रालयमा सिफारिस गरेको थियो । सो सिफारिसलाई मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत गरिएको हो ।

## अन्य...

छ । संयन्त्रले कुन महानगरपालिका कुन दललाई दिने भन्ने विषयमा पनि आपसी छलफल गरेर टुंगो लगाउने छ । तर, जुन महानगरपालिका जसको भागमा परे पनि सबैले आफ्नै दलको उम्मेदबारसरह सहयोग गर्नुपर्नेछ ।

कुन दलले कुन महानगरपालिकामा उम्मेदबार उठाउने भन्ने विषयमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल स्वदेश फर्किएपछि बैठक बसेर निर्णय लिइनेछ । अध्यक्ष नेपाल हाल एक कार्यक्रमको सिलशिलामा टर्कीमा छन् ।

बैठकले चुनावी तालमेलका लागि केन्द्रमा मात्र नभई स्थानीय तहसम्मै संयन्त्र बनाउने निर्णय पनि गरेको छ । बैठकमा सहभागी सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार प्रदेश, जिल्ला र पालिका स्तरमा पाँचवटै दलका नेताहरू सम्मिलित संयन्त्र बनाउने निर्णय गठबन्धनले गरेको छ ।

'प्रदेश, जिल्ला र पालिकास्तरमा पाँचवटै दलका सम्बन्धित तहको नेतृत्व सम्मिलित संयन्त्र बनाउने निर्णय भएको छ । त्यो संयन्त्रले चैत २२ गतेभित्र सम्बन्धित पालिका, जिल्ला र प्रदेशमा पाँच दलीय गठबन्धनको अवस्थाबारे प्रतिवेदन केन्द्रमा पठाउनेछ', बैठकपछि मन्त्री कार्कीले सञ्चारकर्मीसँगको कुराकानीका क्रममा भने ।

निर्वाचनमा सहकार्यको विषयलाई लिएर सत्तारुढ गठबन्धन दलहरुबीच पहिलो पटक बैठक बसेको हो । सरकारको नेतृत्व गरिरहेको दल कांग्रेसको गत मंगलबार सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले आगामी स्थानीय तह निर्वाचनमा आवश्यक्ता अनुशार गठबन्धन गरेर अगाडि बढ्ने निर्णय गरेको थियो ।

यस्तो निर्णय गरे पनि निर्वाचनमा गठबन्धनको विषयलाई लिएर कांग्रेसभित्र चर्को मतभेद देखिएको छ । कांग्रेसको बैठकमा पनि यो विषयलाई लिएर चर्काचर्की परेको थियो । प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा आगामी निर्वाचनमा सत्तारुढ गठबन्धन दलहरुबीच चुनावी तालमेल हुनुपर्नेमा स्पष्ट देखिएका छन् ।

सभापति देउवालाई महामन्त्री विश्वप्रकाश शर्मा, बरिष्ठ नेता रामचन्द्र पौडेललगायत अधिकांश केन्द्रीय सदस्यले समर्थन गरेका छन् । तर, गत महाधिवेशनमा सभापति पदमा देउवासँग पराजित डा. शेखर कोइराला र महामन्त्री गगन थापा भने गठबन्धनको विरोधमा उभिएका छन् । यसैगरी चितवनलगायत केही स्थानका नेता/कार्यकर्ता पनि गठबन्धनको विरोधमा देखिएका छन् ।

कांग्रेसको बैठकले आगामी निर्वाचनमा आवश्यक्ता अनुशार गठबन्धन गर्ने निर्णय लिएपछि सत्तारुढ गठबन्धनमा आबद्ध माओवादी केन्द्र र एकीकृत समाजवादीका शीर्ष नेताहरु भने झस्किएका थिए । उनीहरुकै दवावमा बिहीबारको बैठक बसेको हो ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष नेपालले चुनावी तालमेलको विषय तत्काल टुंग्याउनुपर्ने अडान राखेका छन् । बिहीबारको बैठकमा पनि कांग्रेस सभापति देउवा आफैले सुरुमै मिलेर चुनावमा जाने प्रस्ताव राखेका थिए । त्यसपछि सत्तारुढ गठबन्धन दलका अन्य नेताले पनि त्यसमा सहमत जनाएका थिए ।

बैठकमा गठबन्धनका नेताहरूले प्रधानमन्त्री देउवालाई आसन्न भारत भ्रमणको शुभकामना दिँदै द्विपक्षीय मुद्दाको सम्बोधनका लागि कूटनीतिक पहल गर्नसमेत आग्रह गरेका थिए । प्रधानमन्त्री देउवाले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा चैत १८ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गर्दैछन् ।

बैठकमा प्रधानमन्त्री देउवा, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र जनमोर्चाका शीर्ष नेताहरू सहभागी थिए । सत्ता साझेदार दलका शीर्ष नेताबीच अर्को बैठक चैत २१ गते बस्ने सहमति भएको छ ।

# सरकार प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध

काठमाडौँ । प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकार पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको बताएका छन् । रिपोर्टर्स क्लब नेपालको २४औँ वार्षिकोत्सवका अवसरमा बिहीबार आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले वर्तमान सरकार पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताएका हुन् ।

प्रधानमन्त्री देउवाले नेपाली कांग्रेस नागरिकको विचार अभिव्यक्ति एवं पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्रको पक्षमा रहेको पनि स्पष्ट पारे । उनले नेपाली कांग्रेसले स्थापना कालदेखि नै लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा वकालत गर्दै आएको बताउँदै अहिले पनि आ^नो पार्टी यही पक्षमा दृढ रहेको धारणा राखे । प्रधानमन्त्री देउवाले पूर्ण प्रेस स्वतन्त्रताले लोकतन्त्रलाई चलाएमान बनाउने बताउँदै अब हुने स्थानीय, प्रदेश र संघको निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गरी सहयोग गर्न आमसञ्चार माध्यमसँग अनुरोध पनि गरे । उनले भने, 'मुलुकको विकासको लागि सञ्चार माध्यमको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । लोकतान्त्रिक शासन व्यवस्था स्थापित गर्न मिडियाको भूमिका महत्वपूर्ण छ, अब निर्वाचन सम्पन्न गरी मुलुकलाई आर्थिक समृद्धितर्फ लैजानका लागि पनि मिडियाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्नेछ ।'

प्रधानमन्त्री देउवाले गठनबन्धनलाई निरन्तरता दिने पार्टीको निर्णय सुनाउँदै यही गठबन्धनलाई अझै बढी बलियो र एकताबद्ध बनाएर लैजाने बताए । उनले पछिल्लो समयमा सूचना प्रविधिको विकासले सञ्चार क्षेत्रमा ठूलो फड्को मारेको बताउँदै सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा मिथ्या र भ्रामक समाचार र सूचना पनि बढ्न थालेको भन्दै चिन्ता व्यक्त गरे ।

प्रधानमन्त्री देउवाले मिथ्या र भ्रामक समाचारले सबै सञ्चार माध्यमको विश्वसनीयता संकटमा पर्दै जाने बताउँदै सत्यतथ्यमा आधारित भएर पत्रकारिता गनुपर्ने आवश्यकता औंल्याए । मिडिया स्वाभावैले आवाज विहीनको आवाज भएका कारण पनि मिडियालई राज्यको चौंथो अंग भनिएको उल्लेख गर्दै उनले अन्य विकसित देशमा जस्तै नेपालमा पनि मिडियाले विभिन्न नीति परिवर्तनसँगै आर्थिक, सामाजिक, सांस्कृति विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । *(सौस)*


**Simkot Rural Municipality,**
**Office of Rural Municipal Executive**
**Simkot, Humla**

**Invitation for Bids**

**Date of publication : 2078/12/17**

1. The Simkot Rural municipaliy invites sealed bids from Nepalese eligible bidders for the work/goods under National Competitive Bidding procedures. The estimated amount for the works are Rs. ***As mentioned below.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Simkot rural municipality , Simkot humla karnali provice.
3. A complete set of Bidding Documents may be purchased from the office of Simkot rural municipality ,Simkot humla by eligible bidder on the submission of a written application along with the copy of company /firm registration certificate ,tax clearance certificate , and upon payment of a non-refunadable fee of RS 3000 till 2079/01/17 during office time. Information to deposite the cost of bidding document in bank.
   **Name of the bank : RBB Humla Name of office : Simkot Rural municipaliy. Office Account no : 4190100303000003 Dharauti Khata) , Internal Rajaswa (revenue) Account no. : 4190100301010003**
4. Pre-bid meeting shall be held on 2079/01/10
5. Sealed bids must be submitted to the office Simkot rural municipality,by hand before 12:00pm on 2079/01/18. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00pm and date 2079/01/18 at the office of Simkot rural municipality,Simkot humla .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of Work**

| S. N | Contract Id No. | Description of Works | Location of site | Estimated Amount With VAT | Bid Security Amount in NRs. | Bid Document cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/G/08/2078-79 | Sadak Batti Nirman | Simkot RM-5, 6 & Others | 3863247.40 | 96600.00 | 3000 | |

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Okhaldhunga**
**Province no.-1,Nepal**

**Invitation for Bids**

**Date of Publication: 2078-12-18(1st,April,2022)**

1. Infrastructure Development Office, Okhaldhunga, invites bid from eligible bidders for following works:

| S.N | Contract Identification Number | Description and Location of Work | Key Qualification Requirement | Bid Security Amount (NRs.), Valid up to | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-15-078/79 | Nirwachan Keshetra No.1,Ring Road(Patle -Chermading-Ghatte Khola-Lapchi Road,Okhaldhunga) Okhaldhunga | Turnover : NRs.25,60,00,000.00<br>Experience: At least one Road work Contracts in Gravel(Sub-Base) Surface with in the last Five (5) years,with a value of at least NRs.14,25,00,000.00 with VAT,that have been successfully or are substantially completed. | 45,00,000.00 (2022-09-29) | 10,000.00 |

2. Submission and Opening:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| 2079-01-19 (2nd May,2022) | 12:00 noon | 2079-01-19 (2nd May,2022)) | 13:00pm | |

3. Revenue Details:

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Province Dharauti Khata | Rastriya Banijya Bank, Okhaldhunga Branch | Okhaldhunga Branch | 2070100202030000 (Dharauti) | Office code:- 3370110011 |
| Mahalekha Niyantrak Karyalaya, Anamnagar, Kathmandu | Rastriya Banijya Bank | Okhaldhunga Branch | 1000100200010000 (Rajswa) | 14229 (Revenue) |

4. Pre-bid meeting shall be held at the office on 2079-01-05(18th April,2022) at 13:00 Hrs.
5. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**